## Activity 2.32: Assess outcomes and quality of the CD activities implemented by PCGG

Narrative: The development of capacities of the LG staff to deliver high quality service is one of the key outcomes of the Programme. As part of enhancing capacity, the Programme has focused on need based CD initiatives and activities through the PCGGs at the province level. One of the key aspects of the interventions is to elevate the status of service delivery to a desired level. Thus, it is important to measure the results achieved and change experiences post the CD activities. A study is proposed to assess the quality of CD activities and the outcome achieved post the intervention/s. This study shall give feedback on the outcome and the gaps and improvements required for strengthening CD activities.
Implementation Arrangement: The study will be led by the PCU and it shall be conducted in all the seven provinces. A ToR shall be drafted in consultation with MoFAGA and relevant stakeholders. The study findings shall be shared in a workshop and feedback collected for ownership and improvement.

Implementing unit, Milestone Unit (milestone explanation), Total Budget (in 000)
PCU, 1 (Prepared an assessment report on CD activities implemented by seven PCGG), NPR: 2000

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
Provincial and Local Governance Support Program (PLGSP)

कार्यक्षेत्रगत विवरण (Terms of Reference)

**प्रदेश तथा स्थानीय तहका लागि सञ्चालन भएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने**

**(Assess outcomes and quality of the CD activities implemented by PCGG)**

## १. परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो। यो कार्यक्रम संघ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ। यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्दछ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संङ्घीयताको संस्थागत विकासको निमित्त सञ्चालित नवीनतम कार्यक्रम हो। यस कार्यक्रमले मुलतः अन्तरसरकारी समन्वय, स्थानीय सरकार सन्चालन प्रणाली, संस्थागत क्षमता, नेतृत्वको सशक्तिकरण र स्थानीय सहभागिता र उत्तरदायित्वका लागि प्रणाली विकास (System Development) जस्ता क्षेत्रहरूलाइ समेटेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीको राष्टिय तालिम निति परिमार्जन गर्ने एवम् तालीमलाई कर्मचारको व्यवसायिक क्षमता विकासमा केन्द्रित गर्ने लक्ष्य आफ्नो दशवर्षे रणनीतिक योजनामा लिएको छ। यहि सन्दर्भमा यस कार्यक्रमले सात प्रदेशका प्रदेश प्रशिक्षण प्रतिष्ठान बाट उपलव्ध सबै किसिमका तालिमहरुको प्रभाव मुल्याङन गर्ने सोच लिएको छ।

## २. उद्देश्य

यस अध्ययनको उदेश्य प्रदेश सुशासन केन्द्र/प्रदेश प्रशिक्षण प्रतिष्ठान (PCGG) बाट कर्मचारीको व्यवसायिक क्षमता विकासको लागि उपलव्ध सेवाकालिन, छोटो तथा मध्यकालिन तालिमहरुको प्रभावकारीता अध्ययन गरी सोको आधारमा प्रशिक्षण प्रतिष्ठान/तालिम केन्द्रहरुलाई प्रभावकारी बनाउने रहेको छ।

## ३. औचित्य

निजामती सेवालाई सक्षम र उत्तरदायी बनाई राज्यबाट नागरिकलाई उपलब्ध गराइने सेवाको प्रभावकारिता अभिवृद्धि गर्नु यतिखेरको आवश्यकता हो । निजामती कर्मचारीहरुमा रहेको ज्ञान, सीप र क्षमतालाई समय सापेक्षरुपमा प्रवर्द्धन गर्दै आचरणमा समेत सुधार ल्याई जनभावना अनुरूप कार्य गर्न सक्ने विश्वासिलो सेवाको रुपमा निजामती सेवालाई स्थापित गर्नु अहिलेको चुनौती हो । सबै निजामती कर्मचारीहरुलाई पद र जिम्मेवारी अनुरूप आवश्यकतामा आधारित तालीम प्रदान गर्नुपर्ने, विश्वस्तरमा आएका नवीनतम् अवधारणा र प्रविधि अनुरुप तालीमको आधुनिकीकरण गर्नुपर्ने, र समय क्रमसंगै सार्वजनिक प्रशासनमा देखापर्ने चुनौतीहरु र समस्याहरु संग जुध्दै राष्ट्रिय हितमा समर्पित हुन सक्ने जनशक्ति निर्माण गर्नुपर्ने भएकोले यो अध्ययनबाट अहिले सम्म दिइऐको तालिमहरु मध्य नमुना बिषय तथा निश्चित समयसिमा भित्रको तालिमको प्रभाव मुल्याङन गर्ने रहेको छ। यस अध्ययनको उद्देश्य निजामती कर्मचारीहरुलाई पद र जिम्मेवारी अनुरूप कार्य गर्नको लागि आवश्यक पर्ने क्षमता र हालको अवस्थाबीचको अन्तर पत्ता लगाई त्यो अन्तर परिपूर्तिको लागि आगामी दिनमा निजामती सेवालाई स्थापित सक्षमता अभिवृद्धि गर्न सुझाव प्रस्तुत गर्नु रहेको छ ।

## ४. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू

- तालिम प्रभावकारिता अध्ययनका निमित्त यसको मान्य विधि, सूचक, प्रश्नावली, अनुसन्धान पद्दति, नमूना सङ्कलन, सूचना सङ्कलन फारम, प्रभाव विश्लेषण खाका, कार्ययोजना आदि सहित विस्तृत प्रस्ताव पेश गर्ने,
- पेश भएको विस्तृत प्रस्तावउपर मन्त्रालयमा भएको छलफबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम प्रस्ताव पेश गर्ने,
- मन्त्रालयबाट प्रस्ताव स्वीकृत भईसकेपछि कार्यरम्भ गर्ने,
- क्षमता विकास तथा अभिवृद्धि सम्बन्धममा दस्तावेजहरुको अध्ययन गर्ने,
- प्रदेश सुशासन केन्द्रहरूको भ्रमण गरी स्थलगत प्रतिवेदन लिने ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समितिको सुझाव अनुसार तोकिएको संख्याका प्रदेश तथा स्थानीय तहमा २०७७/७८, २०७८/७९ सालमा सञ्चालन तालिमहरुको विवरण लिई नमुना निजामती कर्मचारीहरुलाई अध्ययनको दायरामा समावेश गर्ने । CDMIS को प्रतिवेदनको अधययन गर्ने ।
- सरोकारवाला निकायहरूका पदाधिकारीसँग छलफल गरी तालिम सम्बन्धमा सुझावहरू संकलन गर्ने, (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी प्रशिक्षण प्रतिष्ठान, प्रदेश प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास तालिम प्रतिषठान, क्षमता विकास शाखा, जनशक्ति योजना तथा विकास शाखा, स्थानीय तह आदि) ।

- तयार गरिएको अधध्यनको मस्यौदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समितिमा प्रस्तुती गर्ने, गोष्ठीमा सुझाव सङ्कलन गर्ने ।
- मन्त्रालयबाट प्राप्त सुझाव
- सहित अन्तिम प्रतिवेदन तयार गर्ने ।

**५. समयसीमा र उपलव्धिः**

देहाय बमोजिम निर्धारीत कार्यतालिका अनुसार ३ महिनाको अवधिमा कार्यसम्पादन गर्नु पर्नेछ ।

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | उपलव्धि |
|---|---|---|---|---|
| १ | परामर्शदाता बाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | सम्झौता भएको ७ दिनमा | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने । |
| २ | मन्त्रालयमा छलफल | प्रारम्भिक कार्ययोजना प्राप्त भएको ७ दिनमा | परामर्शदाता, PCU | पृष्ठपोषण प्राप्त भएको हुने |
| 3 | सबै प्रशिक्षण केन्द्रको स्थलगत भ्रमण | १ महिना | परामर्शदाता | |
| ३ | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार हुने । | सबै प्रशिक्षण केन्द्रको स्थलगत भ्रमण सकिएको १५ दिनमा | परामर्शदाता, | प्रारम्भिक मस्यौदा प्राप्त |
| ४ | अध्ययनको मस्यौदा प्रतिवेदनमा सरोकारवालाबीच छलफल गर्ने । | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार भएको ७ दिनमा | परामर्शदाता, PCU | सरोकारवाला बाट पृष्ठपोषण प्राप्त भएको हुने |
| ५ | परामर्शदाताबाट मस्यौदाको परिमार्जन गरी पहिलो प्रतिवेदन प्राप्ति | प्रतिवेदनमा सरोकारवाला बीच छलफल भएको ७ दिनमा | परामर्शदाता, PCU | अन्तिम मस्यौदा तयार गरी प्राप्त हुने |
| ६ | मन्त्रालयमा छलफल | मस्यौदाको परिमार्जन गरी पहिलो प्रतिवेदन प्राप्ति भएको ७ दिनमा | परामर्शदाता, PCU | पृष्ठपोषण प्राप्त भएको हुने |

| | | | | |
|---|---|---|---|---|
| ७ | अन्तिम प्रतिवेदन प्राप्ति | मन्त्रालयमा छलफल भएको ७ दिनमा | परामर्शदाता, PCU | अन्तिम प्रतिवेदन प्राप्त हुने |

## ६. प्रतिवेदनको भाषा

प्रदेश प्रशिक्षण प्रतिष्ठान बाट उपलव्ध तालिमहरुको प्रभाव मुल्याङन गर्ने अध्ययनको प्रतिवेदन नेपाली भाषामा हुनेछ।

## ७. परामर्शदाताको योग्यता र अनुभव

इच्छुक फर्ममा न्यूनतम देहायको योग्यता भएको जनशक्ति निम्न अनुसार हुनुपर्नेछः

| परामर्शदाताको टोली | योग्यता |
|---|---|
| १. टोली नेता/प्रशासनविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको,<br>• निजामती सेवाको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा रही कम्तिमा ५ बर्ष अनुभव प्राप्त भएको।<br>• कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यमा कम्तिमा ७ बर्ष अनुभव प्राप्त भएको।<br>• कर्मचारीको क्षमता विकास कार्यको कम्तिमा ५ वटाको प्रभाव मूल्याङ्कन कार्यमा संलग्न भएको। |
| २. जनशक्ति विकास विज्ञ | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको।<br>• निजामती कर्मचारीको क्षमता विकास तालिम/प्रशिक्षणमा कम्तिमा ५ बर्षको अनुभव भएको।<br>• प्रतिवेदनहरु अध्ययन तथा लेखन सीप भएको। |
| ३. तथ्याङ्कविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी कार्यमा कम्तिमा ५ बर्ष अनुभव रहेको।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी Software सञ्चालनको ज्ञान भएको। |
| ४. सहायक | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक भएको।<br>• कम्प्युटरको आधारभूत सीप भएको। |

फर्मको हकमा देहायअनुसार हुनुपर्नेछः

- नियमानुसार दर्ता नवीकरण भएको ।
- आ.ब. २०७७/७८ सम्मको कर चुक्ता गरेको ।
- सम्बन्धित क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको ।

**८. भुक्तानी प्रक्रिया**

- पहिलो मस्यौदा प्रतिवेदन पेश गरेपछि सम्झौता रकमको ६० प्रतिशत रकम भुक्तानी हुनेछ ।
- अन्तिम मस्यौदा पेश भई कार्यालयले तोकिएको प्रक्रिया र ढाँचा अनुसार भए नभएको हेरी स्वीकार गरेपछि सम्झौता रकमको ४० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

**९. अध्ययन गर्नुपर्ने मुख्यमुख्य दस्तावेजहरु**

क) निजामती सेवा सम्बन्धी ऐन नियम तथा कानूनहरु
ख) निजामती कर्मचारी राष्ट्रिय तालिम नितिहरु
ग) तालिम सम्बन्धमा यस अघि भएका अध्ययन प्रतिवेदनहरु
घ) तालिम पाठ्यक्रम, विधि तथा मोड्युलहरु
ङ) तालिम प्रदायक संस्थाको संस्थागत संरचना कार्यविधि तथा कानूनहरु

**१०. प्राविधिक समितिः**

अध्ययन कार्यको प्राविधिक सहजिकरणको लागि देहायबमोजिमको समिति रहने छ । स्थानीय तह क्षमता विकासका शाखाले यसको सचिवालयको काम गर्नेछ र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ :

क) संयोजक: शाखा प्रमुख, स्थानीय तह क्षमता विकास शाखा
ख) सदस्य: जनशक्ति विकास शाखा
ग) सदस्य: कार्यक्रम समन्वय इकाई
घ) सदस्य: प्रतिनिधि, नेपाल प्रशासनिक प्रतिनिधि प्रतिष्ठान
ङ) सदस्य: प्रतिनिधि, स्थानीय विकासका प्रशिक्षण प्रतिष्ठान

## ११. प्रस्ताव मूल्याङकनका आधारहरु:

परामर्शदाता फर्मबाट प्राप्त प्रस्तावहरू गुणस्तर तथा लागत विधिबाट मूल्याङ्कन हुनेछ। गुणस्तरको ७० प्रतिशत र लागतको ३० प्रतिशत अङ्क भार कायम गरिएको छ। प्राविधिक प्रस्ताव देहायका आधारम मूल्याङ्कन हुनेछ :

| सि. नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | संस्थाको नवीकरण तथा अनुभव सम्बन्धी विवरण | १० |
| २. | प्रस्तावको गुणस्तर (Proposed Methodology, Approach and Documentation) | २० |
| ३. | प्रस्ताव गरिएको विज्ञहरुको योग्यता र अनुभव | |
| ३.१ | टोली नेता/प्रशासनविद् | २५ |
| ३.२ | जनशक्ति विकास विज्ञ | २० |
| ३.३ | तथ्याङ्कविद् | १५ |
| ३.४ | सहायक | ५ |
| ४. | कार्ययोजना/कार्यतालिका | ५ |

## १२. बजेट/लागत अनुमान

प्रशिक्षण केन्द्रहरूले सञ्चालन गरेका तालिमहरूको प्रभाव मूल्याङ्कन गर्ने कार्यको लागत अनुमान १९,८०,००९०/- (नेपाली रुपैंया, उन्नाईस लाख असी हजार नब्बे मात्र) रहेको छ । परामर्शदाताले बजेट प्रस्ताव निम्मानुसारको ढाँचामा उपलब्ध गर्नुपर्ने छ।

| जनशक्तिको विवरण | पारिश्रमिक प्रतिदिन | कार्य दिन | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|
| टोली नेता/प्रशासनविद् | | | | |
| जनशक्ति विकास विज्ञ | | | | |
| तथ्याङ्कविद् | | | | |
| सहायक | | | | |
| प्रशिक्षण केन्द्र आतेजाते खर्च | | | | |
| प्रशिक्षण केन्द्र भ्रमण खर्च | | | | |
| प्रिन्टिङ/फोटोकपी/प्रतिवेदन तयारी | | | | |
| विविध | | | | |
| **जम्मा** | | | | |
| मु.अ.क (VAT) | | | | |
| **कुल जम्मा** | | | | |

## १३. विविध:

क) अन्तिम प्रतिवेदन पेश गर्नु अघि प्रतिवेदनाका सुझाव उपर सम्बन्धित तालिम प्रदायक संस्थामा समेत छलफल गर्नु पर्नेछ ।

ख) अन्तिम प्रतिवेदन पेश गर्दा प्रतिवेदनको नेपाली भाषा विज्ञबाट भाषाको सम्पादन गरी भाषा शुद्ध भएको प्रमाणीकरण साथ पेश गर्नुपर्नेछ ।

ग) प्रतिवेदन तयार गर्दा अरुले तयार गरेका प्रतिवेदनहरुको नक्कल गर्न सकिने छैन ।

घ) प्रतिवेदनको गुणस्तर चित्त बुझ्दो नभएमा परामर्शदाताको भुक्तानी रोक्का गर्न सकिनेछ ।

ङ) यस कार्य शर्तका शर्तहरु परामर्शदाताहरुसँग हुने सम्झौताको अभिन्न अङ्ग हुनेछ ।